थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल ।

## करार सेवामा कर्मचारी भर्ना सम्बन्धी सूचना आह्वान

सूचना नं.७१...२०७९/०८०

प्रथम पटक प्रकाशित मिति: २०७९/०८/११

उपरोक्त सम्बन्धमा यस थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थबाङ रोल्पाको आर्थिक वर्ष २०७९/०८० को लागि थबाङ गाउँपालिकामा मिति २०७९/०६/०८ मा बसेको कार्यपालिकाको बैठक नं. ७९, निर्णय नं. ३ अनुसार थबाङ गाउँ कार्यपालिकाको कार्यालयमा तपशिल बमोजिमका पदहरूमा पदपूर्तिका लागि करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले देहाय बमोजिम उल्लेखित विज्ञापनमा मिति २०७९/०८/२५ गते कार्यालय समय भित्र दरखास्त फारम बुझाउनु हुन सम्बन्धित सबैको लागि यो सूचना आह्वान गरिन्छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | संख्या | पदस्थापन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | कम्प्युटर अपरेटर | पाँचौं | विविध | विविध | १ | गाउँ कार्यपालिकाको कार्यालय, थबाङ, रोल्पा | |
| २ | ०२/२०७९/०८० | सब-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ | सिभिल | १ | थबाङ गाउँपालिका, रोल्पा अन्तर्गत वडा कार्यालय | |
| ३ | ०३/२०७९/०८० | अ.न.मि. | चौथो | स्वास्थ्य सेवा | कम्युनिटी नर्सिङ | २ | स्वास्थ्य चौकी उवा, थबाङ ५, रोल्पा र आधारभूत स्वास्थ्य इकाई केन्द्र छेर्लोबाङ, थबाङ २, रोल्पा | |
| ४ | ०४/२०७९/०८० | अ.हे.व | चौथो | स्वास्थ्य सेवा | हेल्थ इन्स्पेक्सन | १ | स्वास्थ्य चौकी मिरुल, थबाङ ३ रोल्पा | |
| ५ | ०५/२०७९/०८० | फिल्ड सहायक | चौथो | विविध | विविध | १ | गाउँ कार्यापालिकाको कार्यालय, थबाङ, रोल्पा | |
| ६ | ०६/२०७९/०८० | असिस्टेन्ट सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ | सिभिल | २ | थबाङ गाउँपालिका अन्तर्गत वडा | |

| | | | | | | | कार्यालयहरू | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ०७/२०७९/०८० | पोषण स्वयंसेवक | श्रेणी विहीन | विविध | विविध | १ | गाउँ कार्यपालिकाको कार्यालय थबाङ, रोल्पा | |
| ८ | ०८/२०७९/०८० | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | १ | ५ नं. वडा कार्यालय, थबाङ ५, रोल्पा | |

**परिक्षा किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (कार्यालयबाट तोकिए बमोजिम) ।

**परिक्षा मितिः** दरखास्त दिने अन्तिम दिन कार्यालयले तोक्नेछ ।

**परिक्षा केन्द्रः** थबाङ गाउँपालिका, रोल्पा ।

**दरखास्त दिने अन्तिम मितिः** २०७९/०८/२५ गते कार्यालय समय भित्र ।

**उम्मेदवारको उमेरको हदः** मिति २०७९/०८/२५ सम्म १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**दरखास्त बुझाउने विधि र स्थानः** दरखास्त दस्तुर थबाङ गाउँपालिकाको ग्लोबल आई एम ई बैंकमा रहेको आन्तरिक राजश्व खाता, खाता नं. २८५०४०१००००००९ मा विज्ञापन नं. ०१/२०७९/०८० र ०२/२०७९/०८० का लागि रु. ५००।००, ०३/२०७९/०८०, ०४/२०७९/०८०, ०५/२०७९/०८० र ०६/२०७९/०८० का लागि रु. ४००।०० र ०७/२०७९/०८०, ०८/२०७९/०८० का लागि रु. ३००।०० दस्तुर तिरि सक्कल भौचर यस कार्यालयबाट प्राप्त दरखास्त फारम साथ बुझाउनु पर्नेछ ।

**दरखास्तसँग बुझाउनु पर्ने कागजातः** नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभव सम्बन्धी कागजात, तालिम सम्बन्धी कागजात, स्वास्थ्य तथा इन्जिनियरिङ सेवाको हकमा अनुमति पत्र, २ प्रति हालसालै खिचेको फोटो ।

**तलब र सुविधाः** प्रचलित कानून तथा कार्यालयको नियमानुसार ।

**पाठ्यक्रम :** सम्बन्धित सेवा र पदका लागि लोकसेवा आयोगले तोकेको पाठ्यक्रम ।

**आवश्यक न्यूनतम योग्यता**

१. विज्ञापन नं. ०१/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिइ प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।

वा

मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमापत्र तह वा सो सरह उतीर्ण गरी कम्तिमा ६ महिनाको कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको ।

२. विज्ञापन नं. ०२/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।

३. विज्ञापन नं. ०३/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्स उतीर्ण गरेको ।

थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल ।

४. विज्ञापन नं. ०४/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए कोर्स उतीर्ण गरेको ।

५. विज्ञापन नं. ०५/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।

६. विज्ञापन नं. ०६/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा एस.इ.इ. वा सो सरह उतीर्ण गरेको ।

७. विज्ञापन नं. ०७/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको र महिला हुनुपर्ने ।

८. विज्ञापन नं. ०८/२०७९/०८० मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।

२०७९।०८।११

हेमराज घर्तीमगर
प्रमुख प्रशासकीय अधिकृत


सम्पर्क : ९८५७८२४७५०, ९८५७८७७०४१, www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com, www.thabangmun.gov.np